**मिति २०७७ माघ १२ गते बसेको मर्स्याङ्दी गाउँ कार्यापालिकाको ७६ औं बैठकको निर्णयहरु :**

१. नदीहरुमा बालुवा उत्खनन गर्नको निम्ति गरिएको आइ ई प्रतिवेदनको आधारमा ट्रेन्डर गरिएकोमा कसैको पनि टेन्डर नपरेको र पुन दोस्रो पटक पनि टेन्डर निश्कासन गरिएको र त्यसमा पनि कुनै पनि टेन्डर पर्न नआएकाले योजना निर्माणको निम्ति नदीको वालुवा प्रयोग गर्नु पर्ने भएकोले जुन जुन वडामा घाटहरु परेकोछ सोही वडाहरुले नै सुचना प्रकाशन गरि घाट गद्दी गरि वालुवा निकाल्न अनुमति दिने निर्णय गरियो ।

२. गोर्खा वयलफेयर ट्रस्ट नेपाल, पोखरा मार्फत यस गाउँपालिकामा ३ वटा खानेपानी योजना निर्माण गर्न प्रस्ताव पेश गरेकोले निम्न स्थानहरु छनौट गरि खानेपानी योजना निर्माणको लागि सिफारिस गर्ने निर्णय गरियो ।

१) मर्स्याङ्दी -३, थाकान

२) मर्स्याङ्दी -७, ताराचोक

३) मर्स्याङ्दी -१, फ्रेजो

३. वडा नं.२ को वडा कार्यालय भवनको लागि आवश्यक जग्गा मर्स्याङ्दी -२, सावीक घनपोखरा गा.वि.स. ५ निवासी मोहन कुमारी गुरुङको कित्ता नं. ११८ को क्षेत्रफल २.०.२.१ निशुल्क दान गर्ने भएकोले सो जग्गा वडा कार्यालय भवन निर्माणको लागि नामसारी गर्ने र सोका लागि यस गाउँपालिकाको प्रतिनिधिको रुपमा सोही वडाको वडा अध्यक्ष चेत बहादुर गुरुङलाई पठाउने निर्णय गरियो ।

४. जलश्रोत उपयोग सम्बन्धी नियमावली, २०७७ पारित गर्ने निर्णय गरियो ।

५. संघ संस्था दर्ता सम्बन्धी कार्यविधि, २०७७ पारित गर्ने निर्णय गरियो ।

६. आ.ब.२०७७/७८ को सर्सत बजेट अर्न्तगत पर्यटन पूर्वाधार विकास आयोजना (३२५०११०६) को तातोपानी कुण्ड पूर्वाधार विकास कार्यक्रम मर्स्याङ्दी गा.पा. -६ जगते लमजुङ शिर्षकको योजना तातोपानी कुण्ड पूर्वाधार विकास कार्यक्रम मर्स्याङ्दी गा.पा.-४ जगत लमजुङ हुनुपर्नेमा अन्यथा भएको हुँदा ठेगाना सच्चाउने निर्णय गरियो ।

७. मर्स्याङ्दी गाउँपालिकामा मिति २०७६।१०।२० मा नियुक्ती भई यस मर्स्याङ्दी गाउँपालिका प्रशासन सेवा, सहायकचौथो तह , वडा सचिवपदमा यस मर्स्याङ्दी गाउँपालिका वडा नं ६ वडा कार्यालयमा कार्यरत शान्तीकुमारी घर्ती पुरी (क स नं २३७३८८) ले पोखरा महानगरपालिका नगर कार्यपालिकाको कार्यालय कास्कीमा घरपायक पर्ने भएकाले सरुवा भई जान सहमती प्रदान गरिदिनुहुन भनी मिति २०७७/१०/१२ दर्ता नम्बर ६४० मा दिनुभएको निवेदनअनुसार यस पालिकाबाट सरुवा भई जानको लागि सहमति प्रदानगर्ने निर्णय गरियो ।

८. यस मर्स्याङ्दी गाउँपालिका समायोजन भई नेपाल स्वास्थ्य सेवा, हे ई समूह, सहायक पाँचौ तह, हेल्थ असिष्टेन्ट पदमा यस मर्स्याङ्दी गाउँपालिका वडा नं ७ भुलुभुले स्वास्थ्य चौकीमा कार्यरत सिनियर हेल्थ असिष्टेन्ट आशिष परियार (कसनं २०५८१७) नेपाल सरकार स्वास्थ्य तथा जनसंख्यामन्त्रालयं,स्वास्थ्यबीमा बोर्ड अन्तर्गत काम काजगर्न ईच्छुक रहेकाले स्वास्थ्य कार्यालय लमजुङ अन्तर्गत कार्यरत रहने गरि र कामकाजगर्न खटिएको कार्यालयबाट नै तलब भत्तापाउने गरि सहमती प्रदानगरिदिनुहुन भनी मिति २०७७/१०/११ दर्ता नम्बर ६३४ मादिनुभएको निवेदनअनुसार पालिकाको मिति २०७७/१०/११ को प्रमुख प्रशासकिय अधिकृत स्तरीय निर्णयानुसार सहमती प्रदान गरिएकोमा सो निर्णय अनुमोदन गर्ने निर्णय गरियो ।

९. सामाजिक .विकास मन्त्रालय, गण्डकी प्रदेश, प्रोखराबाट विभिन्न सिपमुलक तालिममा भएकोमा यस पालिकाबाट पनि सिपमूलक तालिम सञ्चालन गर्नका लागि मेकानिकल लगायतका सिपविकास तालिम सञ्चालनगर्नका लागि तालिम माग गर्ने र सोका लागि पालिकाले व्यहोर्नु पर्ने साझेदारी रकम रु १,००,००० सम्मपालिकाको सिपविकास तालिम शिर्षकबाट खर्च गर्ने गरि मन्त्रालय माआवश्यक सहयोग गरिदिनुहुन पत्राचार गर्ने निर्णय गरियो ।

१०.विपद व्यवस्थापन कोषबाट निम्नानुसर योंजनाहरुमा सहयोग गर्ने निर्णय गरियो ।

- गम बहादुर अधिकारी, मर्स्याङ्दी -६, रु.३०,०००।- (रुख ढल्न गई बाटो अवरुद्ध भएको)

११. असक्त, असहाय, विपन्न सहायता कोषबाट निम्नानुसार सहयोग गर्ने निर्णय गरियो ।

- मुगादेवी गुरुङ, मर्स्याङ्दी -२, रु.१५,०००।-
- बोध बहादुर गुरुङ, मर्स्याङ्दी -२, रु.१०,०००।-
- सचिना पौडेल मर्स्याङ्दी -२, रु.१५,०००।-
- मैना वि.क., मर्स्याङ्दी -२, रु.१०,०००।-
- सोम बहादुर गुरुङ, मर्स्याङ्दी -२, रु.१०,०००।-
- चिज माया घिमिरे, मर्स्याङ्दी -६, रु.१०,०००।-
- चन्द्र बहादुर परियार, मर्स्याङ्दी -६, रु.१०,०००।-